राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २०० २०८२ फागुन १० गते आईतवार (22 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## गौरमा अनिश्चितकालीन कर्फ्यु



दैनिक समाचारदाता
रौतहट ९ फागुन । जिल्ला प्रशासन कार्यालय रौतहटले सदरमुकाम गौरमा कर्फ्यु आदेश जारी गरेको छ। जिल्ला सुरक्षा समिति रौतहटको निर्णयअनुसार शनिबार दिउँसो १ बजेदेखि अर्को आदेश नभएसम्म गौर नगरपालिकाको विभिन्न क्षेत्रमा कर्फ्यु आदेश जारी गरिएको हो ।

कर्फ्यु आदेश जारी भएका क्षेत्रमा कुनै व्यक्ति आवत-जावत गर्न, भेला गर्न, सभा, जुलुस तथा प्रदर्शन गर्न नपाउने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । पूर्वमा मुडवलवा गेट, पश्चिमतर्फ ललवैया बाँध, उत्तरमा बम नहर र दक्षिणतर्फ गौर भन्सार कार्यालय गेटसम्म कर्फ्यु आदेश जारी गरिएको छ । कर्फ्यु आदेशको उल्लङ्घन गर्नेलाई कानुन बमोजिम कारबाही गरिने सिडियो दिनेश सागर भुसालद्वारा जारी सूचनामा उल्लेख गरिएको छ।

गौर नगरपालिका-६ सवगढामा सहमतिविपरीत पुनः दुई समुदायबिच झडप भई अवस्था तनावग्रस्त बनेको हो। जिल्ला प्रशासन कार्यालयको पहलमा शुक्रबार साँझ दुवै पक्षबीच ६ बुँदे सहमति भए पनि शनिबार बिहान करिब ९ बजेदेखि ढुङ्गा-मुढा सुरु भएको थियो।

झडप चर्किँदै गएपछि स्थिति नियन्त्रणमा लिन नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका सयौँ सुरक्षाकर्मी परिचालन गरिएको छ। घटनास्थलमा जिल्ला प्रहरी प्रमुख एसपी सिताराम रिजाल र सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारी पुगेका छन्।

## झण्डा र तस्बिर जलाउने पक्राउ

दैनिक समाचारदाता
सप्तरी, ९ फागुन । सप्तरीमा नेकपा एमालेको झण्डा तथा सो पार्टीबाट सप्तरी निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार मोहम्मद जियाउल रहमानको तस्बिर जलाउने एक जनालाई प्रहरीले शनिबार पक्राउ गरेको छ ।

जिल्लाको महादेवा गाउँपालिका-५, भगवतपुरमा एमालेको झण्डा र उम्मेदवार रहमानको तस्बिर जलाइएको भिडियो सार्वजनिक भएपछि सोही स्थानका २५ वर्षीय हरिनारायण मण्डललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी तथा प्रहरी प्रवक्ता डम्बरबहादुर पुरीले जानकारी दिनुभयो ।

सार्वजनिक भिडियोमा "एमाले पार्टी मुर्दावाद, मधेशमा यस्तो स्वागत छ" भन्दै अश्लील गाली गर्दै झण्डा जलाइएको देखिन्छ । झण्डा जलाउने व्यक्तिले "जय मधेश, जय घण्टी" को नारा लगाएको पनि भिडियोमा उल्लेख छ ।

घटनामा संलग्न अन्य व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ । यसैबीच, नेकपा एमाले सप्तरीका सचिव देवनाथ यादवले प्रेस विज्ञप्ति जारी गर्दै दोषीमाथि कडा कारबाहीको माग गरेका छन् ।

# उम्मेदवारहरुको चुनावी एजेन्डामा सीमित कमला पुल निर्माण

**वीरेन्द्र कर्ण**
जनकपुरधाम, ९ फागुन । मधेशको 'लाइफलाइन' मानिने पूर्व(पश्चिम हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहाको सीमास्थित कमला नदीमा निर्माणाधीन पुल प्रत्येक निर्वाचनमा दल र तिनका उम्मेदवारहरूको प्रमुख चुनावी एजेन्डा बन्दै आएको छ । तर करिब डेढ दशक बितिसक्दा पनि कमलामा पुल निर्माण सम्पन्न हुन सकेको छैन ।

हरेक चुनावमा यस पुलको नाममा मत माग्ने नेता तथा उम्मेदवारहरूको लामो सूची तयार हुन्छ । पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको बेला २०७८ साल असार १७ गते आएको सामान्य बाढीले सिरहातर्फको दोस्रो पाया भत्कायो । त्यसपछि २०८९ साल कात्तिक ३ गते आएको बाढीले धनुषातर्फको तेस्रो पाया समेत क्षति पुर्‍यायो ।

डिजाइन त्रुटि, निर्माण कम्पनीको लापरबाही लगायतका कारण सामान्य बाढीमै पुल भत्किएपछि हालसम्म पुनःनिर्माण सम्पन्न हुन सकेको छैन । फलस्वरूप धनुषाबाट सिरहा तथा सिरहाबाट धनुषा ओहोर(दोहोर गर्ने नागरिकहरू निरन्तर सास्ती भोग्न बाध्य छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधामबाट करिब ३१ किलोमिटर पूर्वमा अवस्थित उक्त पुल भत्किएपछि सिरहा बजार पुग्न ढल्केवर, चौहर्वा र मिर्चौं हुँदै करिब ९० किलोमिटर लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्ने



बाध्यता सिर्जना भएको छ ।

२०७८ जेठदेखि पुल भत्किएपछि विभिन्न दलका नेता र प्रधानमन्त्रीसमेत निरीक्षणका लागि आउने क्रम चलेको स्थानीयवासी बताउँछन् । सिरहाका स्थानीय देवकुमार यादव भन्छन्, "यो पुल मन्त्री, प्रधानमन्त्री तथा विभिन्न दलका नेताहरूका लागि मत माग्ने स्थायी एजेन्डा बनिसकेको छ ।"

उनी थप्छन्, "१५ वर्षमा जति सरकार बने, सबै प्रधानमन्त्री र मन्त्रीहरूले एउटै आश्वासन दिए(अब चाँडै पुल बन्छ । तर ती आश्वासन खोक्रो भाषणमै सीमित रहे ।"

पूर्व(पश्चिम हुलाकी राजमार्ग अन्तर्गत धनुषा, सिरहा र सप्तरीका नागरिकहरू पुल अभावका कारण सबैभन्दा बढी प्रभावित भएका छन् । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा यस क्षेत्रबाट २४ जना उम्मेदवार मैदानमा छन् । अघिल्ला निर्वाचनहरूमा पनि उम्मेदवारहरूले आफू विजयी भए कमला पुल निर्माण गर्ने आश्वासन दिएका थिए ।


*बाँकी ३ पृष्ठमा*

## सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं

❖गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
❖स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं।
❖गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं।
❖बच्चा जन्मनेवित्तिकै बिगौति दुध खुवाऔं।
❖छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
❖बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
❖राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाट बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मत होइन, अधिकारको प्रयोग

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा दलित समुदायभित्र देखिएको राजनीतिक सक्रियता लोकतन्त्रका लागि सकारात्मक संकेत हो। विगतमा केवल “भोट बैंक”को रूपमा प्रयोग गरिएको गुनासो बोकेको यो समुदाय अहिले आफ्नो मतको अर्थ र प्रभावबारे गम्भीर बहसमा उत्रिएको छ। सचेत, संगठित र मुद्दामुखी मतदानको सन्देश दिन दलित अभियन्ता तथा नेताहरू गाउँ-टोलसम्म पुगिरहेका छन्।

प्रगतिशील लोकतान्त्रिक पार्टीका संयोजक दुर्गा सोवले हालै दलित अगुवासँगको संवादमा उठाउनुभएको विषय पनि यही हो–अब प्रयोग हुने होइन, आफ्ना मुद्दा उठाउने प्रतिनिधि चयन गर्ने समय आएको छ। यो अभिव्यक्ति केवल भावनात्मक नारा होइन, विगतका अनुभवबाट निस्किएको निष्कर्ष हो। दलित समुदायले नयाँ-पुराना सबै दललाई समर्थन गरे पनि नीति निर्माण र स्रोत-साधनको बाँडफाँटमा अपेक्षित स्थान पाउन सकेको छैन।

दलितका मुद्दा बहुआयामिक छन् गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, बजेटमा समान पहुँच, स्थानीय सेवा प्रवाह, वातावरणीय न्याय र राजनीतिक प्रतिनिधित्व। यी विषयलाई स्पष्ट रूपमा एजेण्डामा समेट्ने उम्मेदवार र दलको छनोट गर्नु नै विवेकपूर्ण निर्णय हुनेछ । जित-हार भन्दा पनि कसले समुदायको आवाज संसदसम्म पुर्‍याउँछ भन्ने प्रश्न महत्त्वपूर्ण छ ।

मिश्रित निर्वाचन प्रणालीले प्रतिनिधित्वको सम्भावना दिएको भए पनि त्यसलाई प्रभावकारी बनाउन समुदाय स्वयं संगठित हुन आवश्यक छ। प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीमार्फत सशक्त उपस्थिति सुनिश्चित नगरेसम्म समानताको लक्ष्य अधूरै रहन्छ ।

यसपटक दलित मत निर्णायक बन्न सक्ने आकलन छ। त्यसैले भावनात्मक नाराभन्दा नीति, योजना र प्रतिबद्धताको मूल्याङ्कन आवश्यक छ। यदि समुदाय एकताबद्ध भई विवेकपूर्ण मतदान गर्छ भने यो निर्वाचन सामाजिक न्यायतर्फको नयाँ मोड बन्न सक्छ। लोकतन्त्रमा मत केवल कागजको छाप होइन- यो भविष्य निर्माण गर्ने अधिकार को प्रयोग हो।

# हिरो खोज्नेहरूलाई !



केशव दाहाल

एउटा रोमाञ्चक कल्पनाबाट कुराकानी थालौं ।

सडकमा विशाल भिड लागेको छ। भिडमा जयजयकार छ। अर्थात्, होहल्ला, नाराबाजी र सम्मोहनकारी तमासा छ। बाजागाजा छ र छ रङहरूको इन्द्रेणी वर्षा । मान्छेहरू कुनै एक जना व्यक्तिको नाम लिएर 'हिरो हिरो' भन्दै पागलझैं चिच्याइरहेका छन् ।

र, त्यो स्वरलहरीले सारा धर्ती गगन गुञ्जिरहेको छ।

त्यति नै बेला भिडको केही पर एउटा महँगो गाडी देखा पर्छ। अगाडी प्रहरीको भ्यान। पछाडि छत खुलेको कालो गाडी।

त्यहाँ उभिएको छ, एक तेजस्वी नायक। कालो चस्मा। सुन्दर प्रभामय अनुहार। रङ मिलेका कपडा। छाँट मिलेको दाह्री, रहरलाग्दो कपाल र अदाकारी । ऊ भिडलाई हेरेर मुस्कुराउँदै अगाडि बढ्छ। भिडको मध्यभागमा पुगेर उसको गाडी रोकिन्छ। ऊ हात हल्लाउँदै सबैलाई अभिवादन गर्छ। कसैले ऊतिर फूल बर्साउँछन्, कसैले माला।

ऊ आकाशमा लहराउँदै गरेको एउटा माला नायकी अन्दाजमा समाउँछ र भिडतिरै फ्याँक्छ। भिड माला समाउन पागलझैं दौडिन्छ।

जयजयकार चलिरहन्छ। होहल्ला चलिरहन्छ। जादुजस्तो त्यो क्षण निमेसमै बितिजान्छ। नायकको गाडी उसरी नै त्यहाँबाट अगाडि हुइँकिन्छ, जसरी आएको थियो। त्यसपछि सबै शान्त हुन्छन्। सडक शान्त। भिड शान्त। जयजयकारको ध्वनी रोकिन्छ र मान्छेहरू आ-आफ्नो बाटो लाग्छन्।

एकान्त गाउँको त्यो मायावी पल निमेषमै सकिन्छ र बाँकी रहन्छ मान्छेले भोगिरहेको भोक, प्यास र अभावको उराठ र उदास संसार।

अर्थात्, नायक आउँछ, जान्छ। बाँकी रहन्छ-उही सकस, अपमान र तिर्सनाको कहालिलाग्दो सिलसिला । नायक अब त्यो गाउँमा फेरि कहिले आऊला-कसैलाई थाहा छैन ।

विचार गरौं त, के हामीले खोजेको नेता यस्तै हो? अथवा, के हामीले खोजेको राजनीति यस्तै हो?

पछिल्ला प्रश्नहरूलाई यहीँ थाती राखेर, अर्को एउटा प्रसंग सुनाउँछु। कुरा अलि अगाडिकै हो। र, कुरा हो सिनेमाको ।

जतिखेर काठमाडौंका हलहरूमा एउटा घच्चिको सिनेमा चल्दै थियो, नाम थियो 'गदर २'।

धेरैपछि विदेशबाट आएको मेरो एक जना प्रिय मित्रले भन्यो, 'हिँड्, फिल्म हेर्न जाऔं। हलमा सन्नी देवलको फिल्म चल्दैछ।'

मैले साथीको आग्रह टार्न सकिनँ र हामी दुवै सिनेमा हेर्न गयौं।

'गदर २' हेरेर निस्कँदै गर्दा साथीले सोध्यो, 'अनिल कपुरको फिल्म नायक हेरेका छौ?'

मेरो जबाफको प्रतीक्षा नगरी उसले थप्यो-हामीलाई देश बनाउन अहिले त्यस्तै नायक चाहिएको छ !

मैले यो प्रसंग यस कारण सम्झिरहेको छु कि, मेरो साथी आम मान्छे होइन। ऊ हो, विदेशको प्रतिष्ठित विश्वविद्यालयबाट पिएचडी प्राप्त एक उम्दा बुद्धिजीवी। आफ्नो विषयमा उसको खास कमान्ड छ। र, नेपाली राजनीति बिग्रिएकोमा ऊ हरदम चिन्ता गरिरहन्छ।

त्यो दिन उसले जसरी नायकको कुरा गर्‍यो, त्यो मेरा लागि सर्वथा आश्चर्यजनक थियो। र, थियो चिन्ताको विषय ।

मैले साथीका आँखामा हेरेँ, ऊ 'गदर २' को सम्मोहनबाट अझै बाहिर आइसकेको थिएन। त्यसैले उसका आँखामा 'नायक' प्रतिको विश्वास निष्कपट ढंगले प्रवाहित भइरहेको थियो।

उसको कुरा सुनेपछि मेरो मनमा प्रश्न आयो – के नेपाली राजनीतिलाई सम्हाल्न हामीलाई हिरो (नायक) नै चाहिएको हो त?

सटाक काम गर्ने हिरो! भिलेनहरूलाई चुड्की बजाएर ठेगान लगाउने हिरो! चमत्कार गर्ने हिरो! टुँडिखेलमा भ्रष्टहरूलाई जम्मा गरेर, नाकको डाँडी भाँच्ने गरी राउन्ड किक बजाउने हिरो!

अभागी मान्छेहरूले भोगिरहेका सबै दुःखको निवारण गर्ने अपार क्षमता सहितको हिरो!

डाइलग बोल्दा दर्शकहरूलाई ठाउँ ठाउँमा ताली बजाउन प्रेरित गर्ने, तिलस्मी हिरो!

मैले साथीलाई सम्झाउन खोजेँ र भनेँ, 'सिनेमा र जीवन फरक छ साथी। सिनेमामा झैं जीवनमा कुनै चमत्कार हुँदैन। जीवन तिलस्मी कथाहरूको संग्रह होइन। त्यसैले जीवनका दुःखहरू सिनेमामा झैं चुड्की बजाएर हल हुँदैनन्। यी संरचनागत, कानुनी र ऐतिहासिक सिलसिलासँग सम्बन्धित हुन्छन् र यिनलाई तोड्न पनि ऐतिहासिक, कानुनी र संरचनागत सिलसिला तोड्नुपर्छ।'

साथी त्यो दिन मेरो कुरा सुन्न तयार थिएन। किनभने ऊ भर्खरै मात्र सिनेमा हेरेर निस्किएको थियो र त्यसको रोमाञ्चक प्रभावले उसका खुट्टा भुइँमा थिएनन्। अतः ऊ सिनेमाको नायकलाई राजनीतिमा पनि खोजिरहेको थियो।

मेरो साथी त यो विचारको प्रतिनीधि मात्र हो। खासमा, आजकाल कतिपय मानिसहरूलाई लाग्छ – यो देशमा एक जना हिरो चाहिएको छ! यस्तो हिरो, जसले हाम्रा दुःखहरू चुड्की बजाएर समाधान गरिदिनेछ र त्यसपछि हामी उसको भरोसामा ढुक्कले निदाउन सक्नेछौं!

अथवा, हामी राजनीतिमा अहिले यस्तो हिरो खोजिरहेका छौं जो देशका भ्रष्टहरूसँग एक्लै भिडोस! स्कुल बनाओस्, अस्पताल बनाओस! बाटो बनाओस! मन्दिर बनाओस! अप्ठ्यारोमा परेका बेला दुःखीजनका घरघरमा प्रकट होस! मसिहाझैं बस्ती बस्तीमा आओस् र सारा संकटहरू एक्लै तह लगाओस!

जसले आवश्यक पर्दा नियम तोडोस् र आफ्नो नियम आफै बनाओस! कहिले ठाउँको ठाउँ भ्रष्ट प्रहरीको नाक भाँचोस्, कहिले 'लम्पट नेता' लाई नांगेझार पारेर चोक र गल्ली घुमाओस!

त्यो नाथे इतिहासको के काम, इतिहास भत्काओस! त्यो नाथे कर्मचारीको के काम, सबैलाई एक निर्णयमा खारेज गरिदिओस! संविधान किन चाहियो, कानुन किन चाहियो, जेल किन चाहियो? यी सबै पुराना कुरा हुन्। र, ठेगान लगाओस् सबै पुरानाहरूलाई!

चिटिक्क परेको कपाल, मिलेका लुगा, 'एंग्री यङ म्यान' को लुक्स, केही स्टारडम।

हामीलाई यस्तो नायक चाहिएको छ, जसले आत्ममुग्ध भई भनोस् -म जहाँ उभिन्छु, लाइन त्यहीँबाट सुरू हुन्छ !

र, उसको डाइलग सुनेर हामी अभागी मान्छेहरू ताली बजाइरहन पाऔं।

*विचार गरौं त, के यस्तो सम्भव छ?*

के हामीलाई देश बनाउन यस्तै हिरो चाहिएको हो?

राजनीतिमा यस्तो किमार्थ सम्भव छैन। किनभने, राजनीति आख्यान होइन। न त यो सिनेमा हो, न जादुको संसार।

राजनीति समाजमा विद्यमान आशा, अपेक्षा, द्वन्द्व र अन्तरविरोधहरूको एक साझा अभिव्यक्ति हो। जसले सुविचारित सामूहिक प्रयत्नहरू मार्फत मान्छेका सपनाहरू साकार बनाउँछ।

सिनेमाको संसार कल्पनाको संसार हो जहाँ सबै कुरा पूर्वनिर्धारित हुन्छ। तर समाज अलिखित ग्रन्थ हो जहाँ हजारौं वर्षको संघर्षको इतिहास, लाखौं मानिसका आकांक्षा र अनगिन्ती सपनाहरू एकसाथ समयसँग आबद्ध भएर बसेका हुन्छन्।

अतः राजनीतिले समाजका ती यावत शृंखलाहरूसँग दैनिक साक्षात्कार गर्नुपर्छ, जो न पूर्वनिर्धारित हुन्छन्, न सरल। राजनीति त्यस्तो सामाजिक प्रक्रिया हो जसले अगाडि बढ्ने हाम्रो प्रयत्नलाई 'सिनर्जी' दिन्छ र परिवर्तन सुनिश्चित गर्छ। अतः राजनीति सनक होइन, सुविचारित प्रयत्न हो।

यसरी हेर्दा, हिरो र नेताबीच त्यति नै फरक छ, जति सिनेमा र जीवनबीच।

हिरो कथाले बनाउँछ; नेता सामाजिक र राजनीतिक प्रक्रियाले।

यसर्थ, नेतालाई थाहा हुन्छ – सत्य एक्लैले स्थापित गर्न सकिँदैन। त्यसैले ऊ सामूहिक प्रयत्नको अगुवाइ गर्छ। नेताले इतिहास, सभ्यता र समाजका अन्तरविरोधसँग जुध्न संगठन निर्माण गर्छ। सामूहिक ज्ञान र चेतनाको विस्तार गर्दै सभ्यतालाई आकार दिन्छ।

हिरोले चमत्कार गर्छ; नेताले चमत्कार गर्दैन, नेतृत्व गर्छ।

हिरोले झैं नेताले जादु गर्दैन। बरू मानिसलाई एकताबद्ध गर्दै भविष्यका लागि उत्प्रेरित गर्छ।

नेताले मान्छेलाई गन्तव्यतिर डोहोर्‍याउँछ। समस्यासँग लड्न प्रेरित गर्छ। मैदानमा मान्छेसँगै उभिन्छ। र, सामूहिक प्रयत्नका लागि प्रेरित गरिरहन्छ।

त्यसो भए मेरो साथी किन नायक खोजिरहेको छ?

मान्छेहरू किन सडकमा उभिएर कुनै हिरो आउने बाटो कुरिरहेका छन्?

त्यसको खास कारण छ। जब राजनीतिमा लय हराउँछ, तब आम मानिसको मनमा खटपटी पैदा हुन्छ। त्यो खटपटीमा विचारमाथि हाबी हुन्छ भावना। जब विचारले भावनालाई नियन्त्रण गर्ने शक्ति गुमाउँछ, तब मानिस अलौकिक अपेक्षामा मन्त्रमुग्ध हुन पुग्छ र नेताको बदलामा खोज्नपुग्छ हिरो।

आज नेपाली समाजको एउटा हिस्सा यही मानसिक अवस्थाबाट गुज्रिरहेको छ । यो आम निरासाको एउटा खास अवस्था हो, कुनै आकस्मिक सनक होइन । यो हाम्रो समाजले भोगेको दीर्घकालीन धोका र अपमानको

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कस्ता व्यक्तिको यौनजीवन राम्रो हुन्छ ?



यौनजीवन एउटा पाटो हो । कतिपयले यौनजीवन आफैं ठीक रहन्छ वा यसका लागि कुनै मेहनत गर्नुपर्दैन भन्ने सोच्छन् । तर वास्तवमा यौनजीवन राम्रो हुन दुई व्यक्तिबीचको विश्वास, खुल्ला कुराकानी र एकअर्कालाई बुझ्ने प्रयास चाहिन्छ ।

भन्नै पर्दा, कहिलेकाहीँ अप्ठ्यारो मानिने कुराहरूमा पनि खुलेर सल्लाह गर्नु नै सुखी यौनजीवनको रहस्य हो । यौनजीवन राम्रो बनाउन एकअर्काको कुरा सुन्ने, सहमति लिने, सुरक्षित रहने र आफ्नो शरीरको आवश्यकता बुझ्नु पर्ने स्वास्थ्य विज्ञहरू बताउँछन् ।

यी कुराहरू वास्तविक जीवनमा अपनाउन सजिलो पनि छ ।

कोही व्यक्तिको यौनजीवन राम्रो छ वा छैन भन्नेकुरा व्यक्तिका केही बानीले निर्धारण गर्छ ।

*१. मनमा लागेको कुरा खुलेर भन्छन्*

उनीहरू आफ्नो पार्टनरले आफैं सबै कुरा बुझिदेओस् भनेर आशा गर्दैनन् । आफूलाई के मन पर्छ र के मन पर्दैन भन्ने कुरा पार्टनरलाई प्रष्टसँग भन्छन् । पार्टनरको कुरा पनि ध्यान दिएर सुन्छन् । अर्थात् एकअर्काको इच्छा राम्ररी बुझ्छन् ।

*२. सधैं सहमति लिन्छन्*

यौनका लागि एक पटक 'हुन्छ' भन्नुको अर्थ सधैंका लागि होइन । राम्रो बानी भएका व्यक्तिहरूले हरेक पटक आफ्नो पार्टनर तयार छ कि छैन भनेर सोध्छन् । यदि कतै अप्ठ्यारो महसुस भएमा बीचैमा रोक्न वा कुरा फेर्न उनीहरू हिचकिचाउँदैनन् ।

*३. स्वास्थ्यको बारेमा पहिल्यै कुरा गर्छन्*

पछि तनाव लिनु भन्दा सुरुमै स्वास्थ्य जाँच र सुरक्षित रहनेबारे कुरा गर्नु धेरै राम्रो हुन्छ । र, यौनजीवन स्वस्थ्य भएका व्यक्तिहरूले यसो गरिरहेका हुन्छन् । उनीहरू आफ्नो र पार्टनरको स्वास्थ्यप्रति सचेत हुन्छन् । यसले मनमा कुनै डर वा चिन्ता रहन पनि दिँदैन ।

*४. सुरक्षाका उपायहरूमा हेलचेक्र्याइँ गर्दैनन्*

उनीहरू जे गरिरहेका छन्, त्यसप्रति जिम्मेवार हुन्छन् । यसकारण यौनक्रिडमा जाँदै गर्दा उनीहरूले कन्डम वा अन्य सुरक्षाका साधनहरू प्रयोग गर्छन् । यसो गर्दा अनिच्छित गर्भ वा रोगहरूको डर हुँदैन । र, यौनको आनन्द पनि ढुक्क भएर लिन सकिन्छ ।

*५. धुम्रपान/मद्यपानबाट टाढै रहन्छन्*

धुम्रपानले शरीरको रक्तसञ्चारमा बाधा पुऱ्याउँछ । यौन उत्तेजनाका लागि शरीरमा राम्रोसँग रगत बग्नु जरुरी हुन्छ । त्यसैले स्वस्थ यौनजीवन चाहनेहरू प्रायः धुम्रपान गर्दैनन् अथवा यो बानी छोडिदिन्छन् ।

यसैगरी कतिपय अवस्थामा रक्सीले सुरुमा अलि जोस दिएको लागेता पनि लामो समयमा मद्यपानले शरीरलाई सुस्त बनाउँछ । यसले वास्तविक आनन्द दिँदैन । किनकि होसमा रहेर गरिएको यौन सम्पर्क नै सबैभन्दा सुखद् हुन्छ ।

*६. तनाव कम गर्छन्*

दैनिक जीवनमा धेरै तनाव भयो भने यौनमा रुचि घट्छ । त्यसैले राम्रो यौनजीवन भएकाहरू दिनभरिको थकाइ र तनावलाई कम गर्न केही समय आराम गर्छन् । लामो सास फेर्छन् । शान्त वातावरणमा हिँडडुल गर्छन् । संगीत सुन्छन् । अर्थात्, दिमाग शान्त भए मात्र यौनजीवन सुखद् हुन्छ ।

*७. पर्याप्त निद्रा र आराम गर्छन्*

तनाव जस्तै थकानले पनि यौन इच्छालाई दबाउँछ । जो मान्छे समयमै सुत्छन् र आफ्नो शरीरलाई आराम दिन्छन्, उनीहरूमा यौनका लागि आवश्यक ऊर्जा र जाँगर बढी हुन्छ । उनीहरूले शरीरलाई सक्रिय राख्न दैनिक व्यायाम पनि गर्छन् । यसो गर्दा आत्मविश्वास पनि बढ्छ । जसको प्रत्यक्ष असर यौनजीवनमा परिरहेको हुन्छ ।

# उम्मेदवारहरुको..........

सिरहाको भलुवाहीका समाजसेवी चन्द्रदेव कामती आक्रोश व्यक्त गर्दै भन्छन्, "अब त कमला पुल चुनावी एजेन्डामै सीमित भएको छ । यसपटक पनि 'पुल बनाइदिन्छु' भन्दै मत माग्न घरदैलोमा आइरहेका छन् ।"

४६९.२ मिटर लामो उक्त पुलको ठेक्का प्रक्रियामा पनि पटक(पटक परिवर्तन भएको छ । २४ करोड ९० लाख रुपैयाँमा ठेक्का लागेको पुल निर्माणका लागि हालसम्म २३ करोड १९ लाख रुपैयाँ खर्च भइसकेको हुलाकी राजमार्ग निर्देशनालय, जनकपुरले जनाएको छ ।

दल तथा तिनका उम्मेदवारहरूले पटक(पटक आश्वासन दिएर मतदातालाई निराश बनाएको गुनासो स्थानीयवासीको छ । अब भने मतदाताहरू सचेत हुने समय आएको उनीहरूको भनाइ छ ।

कमला पुल मधेशको विकास र आवागमनको मेरुदण्ड बन्नुपर्ने थियो । तर यो पुल विकासको प्रतीकभन्दा बढी राजनीतिक भाषण र चुनावी नाराको साधन बन्दै गएको छ । अब आवश्यक छ(एजेन्डा होइन, परिणाम ।

# सिरहामा १४ लाखसहित युवक पक्राउ

दैनिक समाचारदाता

सिरहा, ९ फागुन । सिरहाको औरहीबाट प्रहरीले स्रोत नखुलेको १४ लाख रुपैयाँसहित एक युवकलाई पक्राउ गरेको छ । औरही गाउँपालिका-५ स्थित औरही चोकमा गरिएको विशेष जाँचका क्रममा उक्त रकम बरामद गरिएको हो ।

पक्राउ पर्नेमा सिरहाकै बरियारपट्टी गाउँपालिका-३, शिवनगरका २१ वर्षीय सञ्जितकुमार यादव रहेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार यादवलाई आज नियन्त्रणमा लिइएको हो ।

बरियारपट्टीबाट औरहीतर्फ मोटरसाइकलमा आउँदै गरेका यादवमाथि शंका लागेपछि प्रहरी टोलीले खानतलासी गरेको थियो । सो क्रममा उनको साथबाट एक हजार दरका १ हजार ४०० थान नोट (कुल १४ लाख रुपैयाँ) फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीले उक्त रकमको स्रोत खुलाउन आग्रह गर्दा यादवले कुनै वैध प्रमाण पेस गर्न नसकेको जनाइएको छ । पक्राउ परेका यादवमाथि थप कानुनी कारबाहीका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# हिरो..........

परिणाम हो।

जस्तो-नेता (?) बाट धोका पाएका मान्छेहरू, आज एउटा यस्तो अलौकिक नायकको खोजिमी छन् जो नेताभन्दा फरक होस् र आवश्यक पर्दा उनीहरूलाई समेत तह लगाओस् र अपमानको बदला लेओस्।

जब नागरिकले राज्यबाट सधैं पीडा, अपमान र हेपाइ बेहोर्नुपर्छ, तब उसलाई आफ्नै शक्तिमा शंका हुन थाल्छ। ऊ आफूलाई निरीह ठान्छ। उसको सार्वभौमशक्ति निराशाले संकुचित हुन्छ। कमजोर मान्छेले अलौकिक शक्तिको प्रार्थना गर्नु एक स्वाभाविक अवस्था हो।

एक नागरिक जो लगातार आफ्ना संकटहरूको समाधान खोजिरहेको छ, तर समाधान कतै देखिँदैन, यस्तो बेला या त ऊ ईश्वरको शरण पर्छ, या त नायकको।

किनभने, उसलाई यस्तो एक पात्र चाहिन्छ जो बलियो, निर्भिक र आक्रामक होस्। र, आफ्ना संकटहरू उसले छु-मन्तर गर्दैमा हटिजाऊन्! अर्थात्, सात दशकभन्दा बढी समयदेखि पूरा नभएका सपनाहरूको दबाबमा परेको हाम्रो समाज आज एउटा अलौकिक 'विकल्प' खोजिरहेको छ। एकजना पालनहार, एकजना जादुगर!

यो सबै खोजिरहँदा, मान्छेले बिर्सिएको छ – राजनीतिको सामूहिक चेतना।

उसले बिर्सिएको छ-संगठित तागत।

उसले बिर्सिएको छ-आफैभित्रको लोकतान्त्रिक शक्ति र सार्वभौमिकता।

जब समाजमा निराशा, असन्तोष र आक्रोश व्यापक बन्छ, यही निराशाको गर्भबाट 'हिरो' को अपेक्षा प्रबल बन्दै जान्छ। र, यो अहिले हाम्रो समाजमा देखापरिरहेको छ।

हिरो खोज्ने मनोविज्ञानभित्र एउटा मौन आत्मस्वीकृति लुकेको देखिन्छ – सबै असफल भए!

हिरो खोज्नु सामूहिक जिम्मेवारीबाट मान्छेलाई पलायन गर्ने एक निराश मनोवृत्ति हो। यो खासमा उपहारका रूपमा हामीले पुराना राजनीतिक दलहरूबाट पाएका थियौं र नयाँले त्यसलाई संगठित रूपमा अझ मलजल गरेर हुर्काउँदै लगेका छन्।

यस अर्थमा, हिरो खोज्नु भनेको नागरिक कमजोर हुनुको एक दुखान्त चित्र हो जुन अहिले हाम्रो समाजमा व्यापक तहमा फैलिएको छ। र, 'मास फ्रस्टेसन' को रूपमा देखापरेको छ।

त्यसैले हिरो खोज्नेहरूका दुःखलाई भावनात्मक मात्र होइन, सामाजिक, ऐतिहासिक र मनोवैज्ञानिक परिप्रेक्ष्यबाट बुझ्न आवश्यक छ। र, त्यही रूपमा उनीहरूको निराशा तोड्न आवश्यक छ।

किनभने, यो हाम्रो नेतृत्वको ऐतिहासिक असफलताको एक राजनीतिक परिणति हो जसको राजनीतिक प्रक्रियाबाटै समाधान खोज्नुपर्छ। अन्यथा, अरू उपायबाट यसको समाधान भेटिँदैन।

बुझ्नुपर्ने के छ भने-समाज बदल्ने शक्ति कुनै एक व्यक्तिमा होइन, नागरिक स्वयंमा हुन्छ। त्यसैले राजनीतिमा हिरो होइन, सामूहिकतामा विश्वास गर्ने नेतृत्व चाहिन्छ।

यही लोकतन्त्रको आधारभूत सार हो।

त्यसैले त संसारका महान राजनीतिज्ञहरू हिरो थिएनन्, नेता थिए।

नेपालमै हेर्ने हो भने, बिपी कोइराला, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई-यी सबै सिनेमाले बनाएका हिरो थिएनन्। उनीहरू थिए सामाजिक यथार्थको ढुंगेबाटोमा हिँडेका अविश्रान्त पथिक।

किनकि, हिरोको स्थान सिनेमा हो र नेताको स्थान हो समाज।

नेता विचार, ज्ञान, निष्ठा र आदर्शको अभिव्यक्ति हो। नेतासँग फ्यान हुँदैनन्, सचेत कार्यकर्ता हुन्छन्। आलोचनात्मक कार्यकर्ता। त्यही आलोचनाले नेतालाई निरन्तर 'सेल्फ-करेक्ट' गराइरहन्छ।

नेताले मानिसलाई लड्न सिकाउँछ, एक्लै लड्दैन। नेताले त फगत संघर्षको दिशा मात्र देखाउँछ, लड्नुपर्छ नागरिक स्वयंले।

हिरो पर्दाको सत्ता हो। हिरो कथाको प्रतिछाया हो।

नेता सामाजिक प्रक्रियाको अगुवा हो।

हिरो प्रश्नभन्दा पर हुन्छ। तर राजनीतिको आधार हो, प्रश्न।

हिरो सिनेमाभित्र बस्छ, नेता समाजमा।

हिरोले जबाफ दिँदैन, नेताले जबाफ दिनुपर्छ।

सत्य कुरा के हो भने, राजनीतिमा हिरो नआएर हाम्रो देश बिग्रिएको होइन। संकट विचार, निष्ठा र सपनाको क्षय हो। संकट व्यक्तिवादको हो, सामूहिकताको अभावको हो। संकट नैतिक पतन हो। संकट परम्परागत जडता हो। र, समाधान त्यहीँबाट खोज्नुपर्छ जहाँबाट समस्या सिर्जना भएका थिए।

अन्यथा, जब राजनीति सिनेमा बन्न थाल्छ, तब त्यो रोमाञ्चक त देखिन्छ तर जीवन बदल्दैन।

अतः आज हामीलाई न जंगबहादुर चाहिएको हो, न कुनै नायक वा प्रभु परमेश्वर।

आज हामीलाई चाहिएको हो – क्षमता, निष्ठा र दुरदृष्टि भएको नेतृत्व जसले लोकतान्त्रिक प्रक्रियामा विश्वास गरोस्।

भनिन्छ, अभागीहरू नायक खोज्छन्। तर, आफ्नो सामर्थ्यमा विश्वास गर्नेहरू खोज्छन्, योग्यतम् नेता।

अतः आज हामीलाई टाढै बसेर हात हल्लाउने हिरो होइन, मान्छेका बीचमा उभिने नेता चाहिएको हो। यस्तो नेता जसलाई हेर्न, छुन, प्रश्न गर्न, जबाफ खोज्न र उत्तरदायी बनाउन सकियोस्। जसले लोकतन्त्रको आदर्शलाई आफ्नो जीवनको ऊर्जा बनाओस्।

स्पष्ट छ-रोमाञ्चकता, भावुकता र भ्रमले राजनीति बदल्दैन। र, आत्ममुग्ध कल्पनाले मात्र हाम्रा संकट समाधान हुँदैनन्।

त्यसैले हिरोको मोह त्यागौं। आज हामीलाई चाहिएको छ योग्यतम् नेता। यस्तो नेता, जसले असफलताको ऐतिहासिक दुश्चक्र तोड्न हामीलाई सघाओस्। सँगसँगै हातेमालो गर्दै हामीसँगै सुदूर गन्तव्यका सपना भेट्न अगाडि बढोस! साभारः सेतोपाटीडटकम

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# महोत्तरीमा कडा सुरक्षा निगरानी

दैनिक समाचारदाता
महोत्तरी ९ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा महोत्तरीमा मतदानस्थल अनुगमन र सुरक्षा परिचालन तीव्र पारिएको छ। नेपाल-भारत खुला सीमाका कारण निर्वाचन व्यवस्थापन चुनौतीपूर्ण मानिँदै आएको यस जिल्लामा सुरक्षा संयन्त्र उच्च सतर्कतामा राखिएको जिल्ला सुरक्षा समितिले जनाएको छ। भारतको बिहार राज्यअन्तर्गत सीतामढी र मधुबनी जिल्लासँग करिब ३९ किलोमिटर खुला सीमा जोडिएको महोत्तरीमा सीमापारबाट हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रणलाई मुख्य चुनौतीका रूपमा लिइएको छ।

जिल्लामा कायम २५८ मतदानस्थलमध्ये ६३ प्रतिशत (१६३) अतिसंवेदनशील, ३४ प्रतिशत (८९) संवेदनशील र २ प्रतिशत (६) सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ। सोही आधारमा सुरक्षाकर्मी परिचालन, निगरानी तथा गस्ती व्यवस्थापन गरिएको समितिले जनाएको छ। महोत्तरीका १५ वटै स्थानीय तहका मतदानस्थलको भौतिक संरचना, भौगोलिक अवस्थिति, सुरक्षा संवेदनशीलता, विद्युत्, खानेपानी र शौचालयलगायत आधारभूत सुविधाबारे सूक्ष्म अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी इन्दुदेव यादवले जानकारी दिनुभयो। उहाँका



अनुसार स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा मतदान गराउने लक्ष्यसहित सबै मतदानस्थल तयारी अवस्थामा राखिएका छन्।

प्रमुख जिल्ला अधिकारी यादवले भन्नुभयो, "२५८ वटै मतदानस्थल तयारी अवस्थामा छन्। सबै स्थानमा सुरक्षा निगरानी बढाइएको छ। सडक मार्ग सुरक्षित पाइएकाले फागुनको तेस्रो सातादेखि मतपेटिका र मतदान सामग्री ढुवानी गर्ने तालिका मिलाइएको छ।"

सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन भारतीय समकक्षीसँग बैठकहरू भइरहेका छन्। पुस २४ गते रौतहटको चन्द्रनिगाहपुरमा सीतामढी जिल्लाका अधिकारीहरूसँग सुरक्षा बैठक सम्पन्न भइसकेको छ। मधुबनी जिल्लासँग जनकपुरमा सीमा सुरक्षा बैठक गर्ने तयारी गरिएको जनाइएको छ।

प्रमुख जिल्ला अधिकारी यादवसहित मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी, सशस्त्र प्रहरी र नेपाल प्रहरीका प्रहरी उपरीक्षकद्वय शेरबहादुर अधिकारी र हेरम्ब शर्मा, जिल्ला निर्वाचन अधिकारी रञ्जिता झा तथा इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी विकास बमलगायतको टोलीले दक्षिणी सीमादेखि खयरमाराको विकट डाँडाछाँडसम्मका मतदानस्थलको अनुगमन गरेको हो।

यसअघि निर्वाचनको वातावरण निर्माण गर्न जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा राजनीतिक दल, उम्मेदवार, जनप्रतिनिधि तथा नागरिक समाजसँग समन्वयात्मक अन्तरक्रिया गोष्ठी आयोजना गरी निर्वाचन लक्षित विषयमा छलफल गरिएको थियो।

प्रमुख जिल्ला अधिकारी यादवले संयुक्त सुरक्षा परिचालन र सीमा समन्वयमार्फत निर्वाचन सुरक्षालाई थप सशक्त र भरपर्दो बनाइएको दाबी गर्नुभयो।

# बलराका पूर्वमेयर अभय सिंह कांग्रेस प्रवेश

दैनिक समाचारदाताः
सर्लाही, ९ फागुन। सर्लाही निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत बलरा नगरपालिकाका पूर्वमेयर अभयकुमार सिंह नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। पछिल्लो समय लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा सक्रिय रहेका सिंहलाई कांग्रेसका सभापति गगनकुमार थापा ले गएराति पार्टी प्रवेश गराएका हुन्।

सिंहको निवासमै आयोजित कार्यक्रममा थापासहित कांग्रेसका केन्द्रीय सदस्य तथा निवर्तमान सभापति सुरेन्द्र प्रसाद सिंहलगायत जिल्ला तहका नेताहरूको उपस्थिति रहेको थियो।

सिंह २०७४ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन



राष्ट्रिय जनता पार्टी (राजपा) बाट बलरा नगरपालिकाको मेयर पदमा ४ हजार ३ सय २७ मत प्राप्त गरी निर्वाचित भएका थिए। २०७९ सालको स्थानीय तह निर्वाचनमा राजपाको विभाजनपछि लोसपाबाट मेयरका प्रत्याशी बनेका उनी नेकपा (माओवादी केन्द्र) का उम्मेदवार रामाशंकर कुशवाहासँग १ हजार १२ मतान्तरले पराजित भएका थिए। यसअघि सर्लाही-४ का लोसपा नेता तथा पूर्व संविधानसभा सदस्य केदारनन्दन चौधरी, मनिष मिश्रलगायत दर्जनौं नेता-कार्यकर्ता पनि कांग्रेसमा प्रवेश गरिसकेका छन्।

# निर्वाचन भाँड्न रास्वपा सक्रिय रहेको एमालेको आरोप

दैनिक समाचारदाता
काठमाडौं, ९ फागुन। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) (नेकपा एमाले) ले आसन्न प्रतिनिधिसभा निर्वाचन भाँड्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सक्रिय रहेको आरोप लगाएको छ।

शनिबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा एमालेका प्रचार-प्रसार विभाग प्रमुख



मीनबहादुर शाहीले यस्तो आरोप लगाएका हुन्।

आफ्नो पक्षमा चुनावी परिणाम नआउने देखिएपछि रास्वपाले निर्वाचन बिथोल्ने गतिविधि गरिरहेको एमालेको टिप्पणी छ। एमालेले जारी गरेको वक्तव्यमा भनिएको छ, "चुनावी परिणाम आफ्नो पक्षमा नआउने भएपछि रास्वपा, जसलाई हामी नयाँ शक्ति भनेर भाष्य स्थापित गर्न खोजिएको छ, विभिन्न खालका मत सर्वेक्षणमार्फत भ्रम सिर्जना गर्ने प्रयास गरिरहेको छ। नेकपा एमालेका प्रमुख नेताहरू प्रतिस्पर्धामा रहेको स्थानहरूमा लक्षित रूपमा सर्वेक्षण प्रस्तुत गरिएकोप्रति हाम्रो ध्यानाकर्षण भएको छ।"

एमालेका अनुसार देशका विभिन्न जिल्लाहरूमा दलका झण्डा तथा चुनाव चिन्ह जलाउने, अशान्ति फैलाउनेजस्ता गतिविधिमा रास्वपा संलग्न रहेको दाबी गरिएको छ।

"देशका विभिन्न जिल्लाहरूमा दलका झण्डा, चुनाव चिन्ह जलाउने अभियान तथा अशान्ति फैलाउने कार्यमार्फत रास्वपाले चुनाव भाँड्न खोजेको पुष्टि भएको छ। अहिले पनि रास्वपाका कार्यकर्ताहरू यस्ता गतिविधिमा संलग्न छन्। यसप्रति हाम्रो गम्भीर आपत्ति छ," शाहीले भने।

# प्रचण्डद्वारा चुनाव नहुने भ्रमविरोधी आपत्ति



दैनिक समाचारदाता
काठमाडौं, ९ फागुन। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्ड ले केही व्यक्तिहरूले चुनाव नहुने भ्रम फैलाइरहेका भन्दै आपत्ति जनाएका छन्।

शनिबार नेकपा दोलखा-काठमाडौं सम्पर्क निर्वाचन परिचालन कमिटीले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा प्रचण्डले चुनाव हुने निश्चित भइसकेको अवस्थामा नेपाली जनक्रान्तिद्वारा इतिहासमा फ्याँकिएका केही व्यक्तिहरूले चुनाव नहुने भ्रम फैलाइरहेको भन्दै पार्टी कार्यकर्ताहरूलाई सचेत गराएका हुन्।

प्रचण्डले भने, "चुनाव नहुने हल्ला र प्रचारमा नलाग्नुस् र दृढतापूर्वक निर्वाचनको तयारीमा जुट्नुस्।" उनले निर्वाचनको मिति नजिकिँदै गर्दा प्रतिक्रियावादी र प्रतिगामीहरूको चलखेलको कुनै अर्थ नरहेको पनि टिप्पणी गरे।

उनी थपे कि निर्वाचन नै तुलनात्मक रूपमा हालको सहज विकल्प भएको र नेकपा सुरुदेखि नै निर्वाचनका विषयमा दृढ रहेको धारणा राखेको छ। देशभरि पार्टीको प्रचार अभियान तीव्र रूपमा अगाडि बढेको हुँदा बाँकी दिन युद्धस्तरमा खट्न सके, नेकपाले देशको नम्बर एक पार्टी बन्ने र नयाँ परिस्थिति सिर्जना गर्ने सम्भावना रहेको प्रचण्डले बताए।

"केही दिन हावा हुरी आए जस्तो देखिए पनि हावा हुरी सधैं नचल्ने कुरा जनताले बुझिसकेका छन्," उनले जिकिर गरे।

त्यस्तै प्रचण्डले अहिलेको कठिन र चुनौतीपूर्ण समयमा राष्ट्रलाई बचाउँदै, अतिवाद विरुद्ध लडेर देशलाई सन्तुलित विकासतर्फ लैजाने संकल्पका साथ नेकपा खडा भएको बताए।

# ट्रम्पद्वारा इरानमा ३२ हजारको मृत्यु दाबी

दैनिक समाचारदाता
काठमाडौं, ९ फागुन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ले जनवरी महिनामा इरानमा भएको प्रदर्शनहरूमा ३२ हजार मानिसको मृत्यु भएको दाबी गरेका छन्। उनले शुक्रबार पहिलोपटक प्रदर्शनका दौरान मर्नेहरूको संख्याबारे बयान दिएका हुन्। व्हाइट हाउसमा पत्रकारहरूसँगको कुराकानीमा सोधिएको प्रश्नको जवाफ दिँदै ट्रम्पले भने, "इरानका नागरिकहरू आफ्ना नेताहरूभन्दा फरक छन् र अत्यन्तै दुःखद् परिस्थितिमा छन्। त्यहाँ थोरै समयमा ३२ हजार नागरिक मारिएका छन्।




उनीहरूले उचित सम्झौता गर्न आवश्यक छ।"

ट्रम्पले इरान सरकारले ८३७ जनालाई फाँसी दिने निर्णय गरेको र अमेरिकाको चेतावनीपछि त्यसलाई रोकिएको पनि बताएका छन्। "उनीहरू ८३७ जनालाई फाँसी दिन लागेको थिए। मैले भने, यदि एक जनालाई पनि फाँसी दिइयो भने तत्काल निशाना बनाइने छ। त्यसपछि उनीहरूले फाँसी रोके," उनले बताए।

अमेरिकी राष्ट्रपतिसँग इरानमाथि सम्भावित आक्रमणका बारेमा पनि प्रश्न सोधिएको थियो। यसमा उनले इरानमाथि सीमित सैन्य आक्रमणको विकल्पबारे विचार-विमर्श भइरहेको जानकारी दिएका छन्।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४